# घुम्ती–रानीटारी खण्डको नौ किमी स्तरोन्नति गरिँदै

**तनहुँ/रासस ।** पृथ्वीराजमार्गअन्तर्गत तनहुँको दमौली-जामुनेको वैकल्पिक मार्ग घुम्ती-रानीटारी खण्डमा स्तरोन्नति कार्य धमाधम भइरहेको छ । व्यास नगरपालिका-५ रानीटारीबाट म्याग्दे गाउँपालिका हुँदै राजमार्गको घुम्ती जोड्ने नौ दशमलव चार सय ५२ किलोमिटर मार्गमा पक्की नालासहित विस्तार कार्य भइरहेको हो ।



उक्त मार्गले व्यास-५ को रानीटारी, म्याग्दे-७ र ३ हुँदै पृथ्वीराजमार्गसँग जोडिने पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । कुल एक हजार ९५० मिटर ढलान सडकमध्ये एक हजार छ सय मिटर सम्पन्न भइसकेको छ । चालु वर्षमा सडक ढलान कार्य सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको निर्माण कम्पनी एमएस गुल्मेश्वर/पाण्डे एण्ड कम्पनी/नयाँयुग जेभीका इन्जिनियर मिलन जिसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार उक्त मार्गमा निर्माण गरिने साढे नौ किलोमिटर नालामध्ये अब आठ सय मिटरमात्रै बाँकी छ । करिब आठ किलोमिटर मार्गमा आस्फल्ट प्रविधिको कालोपत्र गरिनेछ, उहाँले भन्नुभयो, 'उक्त मार्गको हालसम्म ६२ प्रतिशत कार्यप्रगति हासिल भइसकेको छ ।'

उक्त मार्गमा दैनिक ६५ जना जनशक्ति परिचालन गरी निर्माणलाई तीव्रता दिइएको इन्जिनियर जिसीले बताउनुभयो । भ्याटसहित ३४ करोड ५८ लाख ५० हजार २८५ मा ठेक्का सम्झौता गरी निर्माण कम्पनीले काम अघि बढाएको हो ।

विसं २०८० जेठ ९ मा सम्झौता गरी उक्त निर्माण कम्पनीले विसं २०८२ फागुन ९ गते सम्पन्न गर्ने लक्ष्य लिएको छ । निर्माणले गति लिएको हेर्दा सम्झौताअगावै सम्पन्न हुने सम्भवना देखिएको पूर्वाधार विकास कार्यालयका सबइन्जिनियर मुकेशकुमार यादवले जानकारी दिनुभयो ।

उहाँका अनुसार कुल सडकमार्गमध्ये सवग्रेड र सवबेसको सात सय मिटर काम बाँकी रहेको छ भने नाला र स्टक्चरको काम सम्पन्न गरिसकिएको छ । उक्त मार्गमा गरिएको ढलानको चौडाइ २० सेन्टिमिटर र कालोपत्र चार सेन्टिमिटरको हुनेछ । गण्डकी प्रदेश सरकारबाट विनियोजित बजेटमा निर्माणकार्य थालिएको र हालसम्म कार्यप्रगति सन्तोषजनक रहेको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख कृष्ण आचार्यले बताउनुभयो ।

# स्थानीयको एजेण्डा बन्यो पाथीभरामा केबलकार

**ताप्लेजुङ/रासस ।** ताप्लेजुङको पाथीभरामा केबलकार निर्माण गर्ने चर्चा चलेको वर्षौं भए पनि निर्माण सुरु नभएपछि यो परियोजना स्थानीयको एजेण्डा बन्न पुगेको छ । मन्दिरको ऐतिहासिकतासँग जोडेर यहाँका केही स्थानीयले केबलकार निर्माणमा अवरोध गरेपछि यहाँका राजनीतिक दल, स्थानीय सरकार, जनप्रतिनिधि, नागरिक समाज तथा ताप्लेजुङ र वरपरका विभिन्न संघसंस्थाले निर्माण तत्कालै थाल्न दबाब सिर्जना गर्न थालेका हुन् ।



केबलकार निर्माण सुरु गर्नुपर्ने मागगर्दै पछिल्लो समय जिल्लाका राजनीतिक दल र जनप्रतिनिधिहरू जनमत निर्माण गर्न लागिपरेका छन् । साथै यहाँको नागरिक समाजले केबलकार निर्माणका लागि दबाब दिँदै ताप्लेजुङको सदरमुकाम फुङ्लिङमा जनप्रदर्शनसमेत गरेको छ । निर्माणको काम चाँडै सुरु गर्न दबाब सिर्जना गर्दै नागरिक समाजका तर्फबाट पाँच सय एक सदस्यीय दबाब समूह पनि निर्माण गरिएको छ ।

उता स्थानीयहरूकै पहलमा पदम चेञ्जी मावो लिम्बु संयोजक र प्रकाश मादेन लिम्बु सहसंयोजक रहेको केबलकार निर्माण सहयोग समिति गठन गरी नागरिक समाजका तर्फबाट पनि निर्माणको काम चाँडै सुरु गर्न दबाब दिन थालिएको छ । केबलकार निर्माणपश्चात् जिल्लामा आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुने, रोजगारी सिर्जना हुने तथा स्थानीय उत्पादनले बजार पाइ जिल्लाको अर्थतन्त्र चलायमान हुने भएकाले यस बृहत् परियोजनालाई जिल्लामा स्वागत गर्नुपर्ने भन्दै यहाँका प्रायः सबै राजनीतिक दल तथा निजी क्षेत्रका संघसंस्था आ-आफ्ना बैठक तथा विज्ञप्तिमार्फत आह्वान गरिरहेका छन् ।

ताप्लेजुङका निजी क्षेत्रका व्यावसायिक संघसंस्थाहरू नेपाल उद्योग वाणिज्य संघ, होटल व्यवसायी संघ र निर्माण व्यवसायी संघ ताप्लेजुङले सयुक्त प्रेस विज्ञप्ति प्रकाशित गर्दै पाथीभरामा केबलकार निर्माण गर्न सबैले सहजीकरण गर्नुपर्ने धारणा सार्वजनिक गरिसकेका छन् ।

प्रेस विज्ञप्ति उल्लेख गरिएको छ, 'विगत केही वर्षदेखि पाथीभरा मुकुम्लुङको धार्मिक पर्यटनका कारणले पनि ताप्लेजुङको अर्थतन्त्र चलायमान हुन थालेको हामीले प्रत्यक्षरूपमा अनुभूत गरेका छौँ, त्यसैले निर्माणको काम जतिसक्दो चाँडो अघि बढाउनुपर्छ ।' अहिले पाथीभरा मुकुम्लुङमा वर्षेनी करिब तीन लाखभन्दा बढी भक्तजन आउने गरेका छन् । यहाँ केबलकार निर्माण गर्न सकिएमा यहाँ वर्षेनी १२ लाखभन्दा बढी पर्यटक आउने अनुमान गरिएको छ ।

जिल्लाको पर्यटन प्रवर्द्धनमा अझ फराकिलो आयाम थप हुने, थप नयाँ पर्यटकीय क्षेत्रहरूको विकास र प्रवर्द्धनमा सहयोगी हुने निश्चित रहेको निजी क्षेत्रले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेका छन् । यस्ता गौरवको योजनामा सबै पक्ष जिम्मेवार भई सहजीकरण गर्नुपर्ने र शान्ति सुरक्षाको प्रत्याभूतिसहित वार्ता तथा संवादको माध्यमबाट राज्यको तर्फबाट लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने निजी क्षेत्रको बुझाइ छ ।

त्यसैगरी जिल्ला समन्वय समितिले पनि केबलकार निर्माण सहजीकरण समिति गठन गरी परियोजना सहजीकरण समिति गठन गरेको छ । सो समितिको पटक-पटक बसेको बैठकले केबलकार तत्काल निर्माण अगाडि बढाउन पनि माग गरिरहेको छ । साथै सो निर्णयको छायाँकपीसहित गत फागुन ४ गते जिल्ला समन्वय समिति ताप्लेजुङले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश र कोशी प्रदेशको आन्तिरिक मामिला तथा कानुन मन्त्रालयमा दर्ता गराइसकेको छ ।

निजी तथा सरकारी लगानी भित्र्याई जिल्लालाई समृद्ध बनाउन सबै जिल्लावासी एक भएर लाग्न आश्यक रहेको भन्दै नेपाल कम्युनिष्ट पार्टी(एमाले) ताप्लेजुङले प्रेस विज्ञप्ति सार्वजनिक गरी विकासका परियोजनालाई निर्वाधरूपमा सञ्चालन गर्न तथा यसका लागि शान्तिसुरक्षा कायम गर्न समेत माग गरेको छ ।

यही वैशाख २५ गते नेपाल कम्यनिष्ट पार्टी (माओवादी केन्द्र) ताप्लेजुङले पाथीभरामा केबलकार बन्नु उपयुक्त रहेको धारणा सार्वजनिक गरेको छ । माओवादी केन्द्रले पाथीभरामा केबलकार बन्ने विषयमा विवाद गर्नु नहुने बताइसकेको छ । निर्माणका क्रममा रहेको केबलकारले पाथीभरा मन्दिरलाई कुनै असर नपर्ने तथा तीर्थयात्रीलाई सहजता हुने भएकाले केबलकार निर्माणका लागि आफ्नो पार्टीको समर्थन रहेको माओवादी केन्द्र ताप्लेजुङका संयोजक विष्णुकुमार लिम्बु र सचिव सागरमणि गौतमद्वारा हस्ताक्षरित वक्तव्यमा उल्लेख छ ।

ताप्लेजुङमा केबलकार निर्माण हुनु जिल्लावासीको समृद्धि र यहाँको पहिचानसँग जोडिएको भन्दै पाथीभराको मुख्य पूजाधामबाट एक किलोमिटर तलै केबलकार निर्माण गर्दा कुनै समस्या नरहेको याक्थुङ चुम्लुङ नेपालका अध्यक्ष पदम चेन्जी माबो र सचिव पेली माबोहाङले गत चैत १७ गते आफ्ना धारणा सावर्जनिक गर्नुभएको थियो ।

त्यस्तै स्थानीयको प्रत्यक्ष सहभागिता, रोजगारीमा प्राथमिकताका साथै स्थानीयवासीको शेयर लगानी जस्ता विषय सुनिश्चित गरेर केबलकार कम्पनीले निर्माण अगाडि बढाउनुपर्ने पनि याक्थुङ चुम्लुङ नेपाल झापाले जनाएको छ । गत चैत १६ गते पाँचथर उद्योग वाणिज्य संघले केवलकार निर्माण पक्षमा ऐक्यबद्धता जनाएको छ । सो संघले केबलकारजस्तो बृहत् आयोजनालाई स्थानीयले स्वागत गरेर जिल्लामा भित्र्याउनुपर्नेमा जोड दिएको छ ।

निर्माण सुरु भएपछि त्यसको १३ महिनाभित्रै परियोजना सम्पन्न गर्ने भन्दै निर्माण कम्पनीले प्रशासनिक तथा अन्य कामहरू सकेको भए पनि निर्माण प्रक्रियाबारे केही स्थानीयले विरोध गरेका कारण केबलकार परियोजना अघि बढ्न सकेको छैन ।

पाथीभरा (मुक्कुमलुङ) दर्शन केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकाल भने आफूहरू निर्माणको सुरुवातको पर्खाइमा रहेको र अब छिट्टै सुरु हुने बताउनुभयो । 'अहिले पाथीभरामा केबलकार निर्माण गर्न सहज वातावरण बन्दै गएको छ । स्थानीय जनताले पनि निकै लामो समय भयो, हामीलाई केबलकार सपनामात्र हुने भयो निर्माणको काम थालिहाल्नुपर्यो भनेर दबाब नै दिनुभएको छ, त्यसैले निर्माणको काम छिट्टै नै सुरु गर्नेछौँ', अध्यक्ष ढकालले भन्नुभयो, 'हामीसँग अनुभव छ, हामीले विभिन्न ठाउँमा केबलकार सञ्चालन गरेका पनि छौँ, त्यसैले निर्माण सुरु गर्यौं भने हामीले पहिले भनेजस्तै १३ महिनामै सम्पन्न गरिसक्नेछौँ ।'

स्थानीयलाई रोजगारीसँगै यहाँको आर्थिक गतिविधि, पर्यटन विकासलगायतमा परियोजनाले ठूलो सहयोग पुग्ने भएकाले स्थानीयले उठाएका मागबारे बसेर समझदारी गर्न सकिने उहाँको भनाइ थियो । कम्पनीले स्थानीयलाई पनि शेयर प्राप्त दिने ढाँचामा यसको विकास गरिरहेको छ । यसबाट सिंगो प्रदेश सरकार, स्थानीय सरकार र नागरिकलाई प्रत्यक्ष लाभ हुने मोडलबाट केबलकार निर्माण गर्न लागिएको कम्पनीले जनाएको छ ।

कम्पनीका इञ्जिनियर विजय पौडेलका अनुसार काफ्लेपाटी डढेले छेउ मुख्य स्टेसन रहने केबलकारको डिजाइनअनुसार त्यहाँबाट करिब दुई हजार सात सय मिटर उचाइमा रहेको पाथीभरा क्षेत्रसम्म पुग्न सकिनेछ । मन्दिर आसपास कुनै संरचना नरहने र अहिलेको पदमार्ग हुँदै पाथीभरा मन्दिर प्रवेशद्वारबाटै तीर्थालु तथा दर्शनार्थी जान सकिने गरी केबलकार निर्माणको डिजाइन तयार भएको पौडेलले बताउनुभयो । मुख्य स्टेसनबाट १० मिनेटमा केबलकारको अन्तिम स्टेसन पुग्न सकिने कम्पनीले जनाएको छ । केबलकारका लागि १३ वटा टावर निर्माण हुने पौडेलले बताउनुभयो । सो केबलकारमा ४५ वटा गोन्डुला रहने कम्पनीले जनाएको छ । केबलकार परियोजनाको विरोध गरिरहेको मुक्कुमलुङ संयुक्त संघर्ष समितिले भने केबलकार निर्माण गर्न नहुने बताउँदै आएको छ ।

समितिका संयोजक लिङ्खमले लिम्बु समुदायको आस्था र ऐतिहासिकताको ख्याल गरेरमात्र परियोजना अघि बढाउनुपर्ने बताउनुहुन्छ । तर निर्माण कम्पनीले भने स्थानीयसँग बसेर सबै विषयमा छलफल गरी सहमतिका साथ अघि बढ्न सकिने बताउँदै आएको छ । काफ्लेपाटीदेखि पाथीभरा मन्दिरसम्म केवलकार निर्माणका लागि सरकारले अनुमति दिएको छ । पाथीभरा मन्दिर तीन हजार ७९४ मिटर उचाइमा रहेको छ । केबलकार निर्माण गर्न चार अर्बभन्दा बढी लाग्ने कम्पनीले जनाएको छ ।

# शुकदेवको उपन्यास लोकार्पण

**हिमालय टाइम्स**
काठमाडौं, ३ जेठ

साहित्यकार प्रा.शुकदेव उपाध्यायको औपन्यासिक कृति 'भर्चुअल लभ' सार्वजनिक भएको छ । सत्तरी वर्षको उमेरमा पहिलो कृतिका रूपमा उहाँको यो पुस्तक बिहीबार सार्वजनिक भएको हो । उपन्यास समाज नेपाल आयोजक रहेको यस पुस्तकको सार्वजनिक समारोह होटल हायत रेजेन्सी बौद्धको नेक्स्ट म्युजियममा भएको थियो ।

उपन्यास समाज नेपालका अध्यक्ष शंकर भारतीको सभापतित्वमा भएको उक्त कार्यक्रममा साहित्यिक पत्रकार रोचक घिमिरे प्रमुख अतिथि रहनुभएको थियो भने विशिष्ट अतिथिका रूपमा साहित्यकार पवन आलोक रहनुभएको थियो । साहित्यकारहरू विजय चालिसे, श्रीओम श्रेष्ठ 'रोदन', प्रह्लाद पोखरेल, रामप्रसाद पन्तलगायत साहित्यकारहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सहजीकरण पत्रकार निबन्ध आचार्यले गर्नुभएको थियो ।

साहित्यकार विष्णुबहादुर सिंहको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रमको प्रमुख अतिथि घिमिरेले उद्घाटन गर्नुभएको थियो । प्रमुख अतिथिलगायतबाट पुस्तकको लोकार्पण भएको थियो भने डा.ज्ञानु अधिकारीले लोकार्पित पुस्तकमाथि टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथि पवन आलोक, प्रज्ञा सदस्य चेतनाथ धमला, साहित्यकार विजय चालिसे, श्रीओम श्रेष्ठ 'रोदन' ले शुभकामना मन्तव्य राख्नुभएको थियो । कृतिकार उपाध्याय र प्रमुख अतिथि घिमिरेले पनि पुस्तकमाथि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रमका अन्त्यमा माधव बिडारीले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने सभापति भारतीले पुस्तकबारे बताउँदै कार्यक्रम समापन गर्नुभएको थियो ।






# Invitation for Online Bids

## Thakre Rural Municipality

## Office of the Rural Municipal Executive

**Mahadevbesi,Dhading**
**Bagmati Province, Nepal**

***Invitation for Online Bids for Procurement of Veterinary Drugs for the Fiscal year 2080/81***

***Date of Publication: 17-05-2024***

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract mentioned below:

| S.No. | Contract ID No. | Project Name | Estimated cost | Bid Security amount (NRS) | Bid document fee (NRS) |
|---|---|---|---|---|---|
| 1 | 03/NCB/GOODS/THAKRE .DRUGS/080/81 | Procurement of Veterinary Drugs for the Fiscal year 2080/81 | 15,00,000/- | 37,500/- | 3000/- |

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Veterinary Drugs for the Fiscal year 2080/81
3. Eligible Bidders may obtain Further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidding documents is available online and can be downloaded from e-GP system http:***//www.bolpatra.gov.np/egp***

   Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.

   Name of the Bank : Prabhu Bank Ltd., Mahadevbesi Branch
   Name of the office : Thakre Rural Municipality
   Office account no : ***0510101118900121***
5. Intrested Bidder should submit online Bids through e-procurement portal http://***www.bolpatra.gov.np/egp*** only on or before 16-06-2024 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and User manuals issued by PPMO which are available in e-GP System.
6. Online bid shall be opened in the presence of bidders who choose to attend on 16-06-2024 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: ***0510101118900041*** on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
7. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.

***Chief Administrative Officer***

# Tikapur Municipality

## Office of The Municipal Executive

**Tikapur, Kailali**
**Sudurpashchim Province, Nepal**

# Invitation for Bid

**First Date of Publication: - 17th May 2024**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S.N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/NCB/42/ BUILD/2080/081 | Badh Ghar House Construction Work,Tikapur Municipality Word No.4,Mauraniya,Kailali | 39,02,643.41 | 1,20,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali** Or **Telephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp**.
3. Interested bidders should submit only E-bid till **16th June 2024** before 12:00 hrs. through **PPMO e-GP System www.bolpatra.gov.np/egp**. No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali**
   **Office Account No.: - 10703000001001000001**
   **Revenue Heading No: - 14229**
5. Information to deposit the **Bid Security Amount** in Bank: -
   **Name of Bank: - Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office: - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali**.
   **Office Account No.: - 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening.
7. Pre-bid meeting shall be held at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali at 13:00 hrs. on **6th June 2024.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bid will be opened in the presence of Bidder›s representatives who choose to attend at 14:00 hrs. on **16th June 2024** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur Kailali.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on office information board and on office website: www.tikapurmun.gov.np

**Chief Administrative Officer**


CMYK